नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९, ४५११५३७, ४५१९५०१

फ्याक्स (९७७-१)-४५ ३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल


पत्र संख्या :- ०८१/८२
च. नं. :- १५४८

मितिः २०८२/०२/०२

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री माहाराजा पावर कम्पनी प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८६-०३८९८९४ ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित नुनेगाड-नागबेनी जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पन्ध्र दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०१/३० गतेको निर्णयानुसार जानकारी गराइन्छ।

- प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको सक्कल वा प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं.,
- Desk Study Report मा discharge हरू फरक फरक पाइएको हुनाले एक रुपता भएको Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको),
- विभागबाट तोकिएको ढांचाको प्रबर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
- नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व.२०८०/८१ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
- परामर्श दातृ संस्था दर्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि।

(सुजन निरौला)
इन्जिनियर
२०८२/०२/०२